श्री राम चन्द्र मिशन

ECHOES NEPAL NEWSLETTER

# मालिकको समाचार



## सम्पादकको टिप्पणी

हामी हाम्रा प्रियतम मालिक चारीजीको प्रस्थानलाई स्वीकार गर्ने प्रयासमा छौं, यस्को साथै हामी उहाँका उत्तराधिकारी आदरणीय कमलेशजी लाई चिन्ने प्रकृयामा छौं । उहाँले आफ्नो कामको गतिलाई अगाडि बढाउन, उहाँको छेउमा अभ्यासीहरु कुन ढंगले पुग्ने र आफु स्वयं साधनारत रहेर कसरी मिशनको काममा ध्यान केन्द्रित गर्ने भन्ने जस्ता बिषयमा केहि समय पनि खेर नफालि कार्य सुरु गर्नु भएको छ । सहज सन्देशको माध्यमबाट उहाँले अवगत गराउनु भएको यी कुराहरु सुखद छन् र यस्ले हामीलाई मिशनको परिकल्पनाको झलक प्रदान गर्दछ । फ्रान्सको भ्रमण र न्यूजर्सिमा भएको भेलाले मिशनको कामकारवाहीमा अहिले नै धेरै परिवर्तनहरु ल्याईसकेको छ । खवर पत्रिकाको यस अंकमा हामी यस भ्रमण र न्यूजर्सिमा दिईएको संभाषणको मुख्य झलकहरु प्रस्तुत गर्नेछौं ।

## मोन्टेपेलियर , फ्रान्स– ७ जनवरी २०१५

१ जनवरीको दिन अत्यन्तै अप्रत्याशित खवर प्राप्त भयो कि स्थानिय अभ्यासीहरुले आफुले सकेजति ब्रदर सिष्टरहरुलाई उहाँको स्वागत गर्न परिचालन गरियोस । चौविस घण्टा पछि आठसय अभ्यासीहरुको लागि आयोजनास्थल भेट्टाईयो जो फ्रान्सका सबै भागहरुबाट र छिमेकि देशहरुबाट आफ्नो परिवार सहित आएका थिए ।

विहानको ७:३० वजे कमलेशजीले तीनवटा मध्ये पहिलो सत्सङ्ग अत्यन्त प्रार्थनामय वाताबरणमा संचालन गर्नु भयो । त्यसपछि उहाँले हाम्रो मार्ग निर्धारण गर्नु भयो जब उहाँले भन्नुभयो,

"...त्यसैले कृपया आफ्नो अनुभूतिलाई नियन्त्रित नगर्नु होस । मालिकलाई सम्झिएको एउटा क्षणमा यदि तपाई खुशी महसुस गर्नु हुन्छ भने, खुशी अनुभव गर्नुहोस, यदि उहाँको अनुपस्थितीमा उदासी महसुस गर्नु हुन्छ भने, त्यस्तो अवस्थामा दुई थोपा आँसु खसाल्नु ठीकै छ । उजाड हृदय, कृतज्ञ हृदय, मुस्कुराईरहेको हृदय लिएर हामी सदैव उहाँलाई सम्झना गर्न सक्दछौं । अव उहाँ अझ बढी सुलभ हुनुहुन्छ, उहाँ हामीमा विलय हुनुभएको छ । अव हामी सबैको प्रयास यो हो कि कसरी हामी स्वयं उहाँमा विलय हुने हो । यो हामी सबैमा निर्भर छ र म यो प्रार्थना गर्दछु कि जति छिटो त्यो विलयन हुन्छ, त्यति नै राम्रो कुरा हो । यहि नै कुरा हो जुन बावुजी महाराज चाहनुहुन्छ, त्यहि नै हो जुन गुरु श्रृंखलाले चाहनु हुन्छ –उहाँको ब्रम्हाण्डिय उपस्थितिमा पूर्ण रुपमा समाहित हुनु हो र यही नै कुरा हो जसलाई हामी परमात्मामा पूर्ण लयावस्था हुनु भनेर भन्दछौं । प्रार्थना सहित सबैलाई धन्यवाद !"

उहाँले यो पनि भन्नुभयो कि उहाँ कति गहिरो रुपले भावुक हुनुभयो कि यति छोटो सुचनामा पनि यति धेरै अभ्यासीहरु आँउन सक्नु भयो । उहाँले प्रदान गर्नु भएको यो अद्भुत दिनको लागि उहाँ प्रति कृतज्ञ र खुशी भएर फर्किने मात्रै होईन कि उहाँले यो दिनमा सहभागी हुन यति धेरै संख्यामा उपस्थित भएकोमा उहाँले हामीलाई धन्यवाद समेत दिनु भयो ।



श्री राम चन्द्र मिशन
ECHOES OF NEPAL NEWSLETTER

**एउटा व्यक्तिको संलग्नतालाई गहिरो बनाउन याचनापूर्ण सुझावहरु :**

* **रातीी नौ बजेको ब्रम्हाण्डिय प्रार्थना–संसारभरिकै दिदी बहिनी तथा दाजुभाईहरु प्रेम र भक्तिले परिपूर्ण हुँदैछन र सच्चा बिश्वास तिनीहरुको हृदयमा झनझन बलियो हुँदै गईरहेको छ ।**

* **सबै दिदी बहिनीहरु र दाजुभाईहरु सहि बिचार, सहि ज्ञान र जीवन प्रति ईमान्दार दृष्टिकोण विकसित गरिरहेका छन् ।**

* **हामीहरुको वरिपरिको सबै कुराहरु ईश्वरीय सम्झनामा लिन भईरहेका छन् ।**

* **सबै दिदी बहिनी तथा दाजु भाईहरु जो वास्तबमा नै परमात्मा प्रति लालायित छन् तिनीहरु हाम्रा महान मालिक प्रति आकर्षित भईरहेकाछन् । तिनीहरु सबै उहाँ प्रति तानिईरहेकाछन् । हामी हाम्रा मालिकलाई यो प्रार्थना अर्पण गर्दछौ कि, ति सबै हजुरको कृपाले लाभान्वित होउन् ।**

*मुनरो आश्रममा ३० र ३१ जनवरीको दिन मालिकले दिनु भएको संभाषणबाट उद्धृत उद्धरण । पूर्णसंभाषण– http://www.sahajmarg.org/literature/online/speeches/newjersey-20150130 मा उपलब्ध छ ।*



शुक्रवार साँझको भेला छ बजे बेलुकीको सत्सङ्गबाट सुरु भयो त्यस पछि कमलृशजीबाट उहाँको मालिक चारीजीको आव्हानमा हृदय छुने खालको संभाषण भयो जस्मा निष्ठापूर्ण अभ्यासको आवश्यकताको बारेमा कुरा भयो । उहाँले उल्लेख गर्नु भयो कि चारिजी आफ्नो डायरी लेखनको बिषयमा अत्यन्त सुस्पष्ट हुनुहुन्थ्यो र उहाँले सदैव अभ्यासीहरुलाई पूर्णरुपमा नै ईमान्दार हुनुपर्ने कुरामा जोड दिनुभयो । विशेष गरेर आफुस्वयं प्रति नै । वार्ताको अन्त्यमा उहाँले सबै अभ्यासीहरुलाई राती नौ बजेको सिटिङ्गको लागि हलमा जम्मा हुन आमन्त्रण गर्नुभयो ।

बसंतपञ्चमीको अवसरमा शनिवारको दिन विहान ७:१५ बजे कमलेशजीले स्काईपको माध्यमबाट टोरन्टोको आश्रमको उद्घाटन गर्नु भयो । यस्को साथै उहाँले कनाडा र यु.एस.का दुई सय अभ्यासीहरुको भेलालाई सम्बोधन गर्नु भयो । त्यसपछि एउटा भव्य सिटिङ्ग भयो ।

विहान ९:०० बजेको सत्सङ्ग र एउटा छोटो वार्ता पछि कमलेशजी र जिष्ट्रेशन डेस्कमा घन्टौं सम्म लालाजीको जीवनको विषयमा यसै बर्ष प्रकाशित हुन लागेको एउटा नयाँ पुस्तकको अग्रिम रजिष्ट्रेशन गर्न र अभ्यासीहरु सित न्यानोपना सहित प्रत्यक्ष र हास्ययुक्त ढंगले अन्तरक्रिया गर्न विताउनु भयो । त्यसपछि उहाँले उत्तर अमेरिकाबाट आएका एक सय पचासजना प्रशिक्षक सित भेट गर्नु भयो जस्मा उहाँले मालिकहरुका श्रृंखलाबाट अनुमति प्राप्त नयाँ परिवर्तनहरुको उल्लेख गर्नुभयो जस्तो कि दिव्यलोकबाट हालसालै प्राप्त भएका सन्देशहरुमा पनि उल्लेख भएका छन् ।

## यु.एस.ए.मा भण्डारा

उत्तर अमेरिकाका अभ्यासीहरु जनवरी २३ र २५ तारिखको दिन आध्यात्मिक मालिक र श्री रामचन्द्र मिशनको अध्यक्षको रुपमा कमलेशजी सित उहाँको नयाँ भूमिकामा दिन विताउन पाँउदा खुशीले प्रफुल्ल थिए । न्यूजर्सिमा वसंतपंचमीको अवसरमा छोटो सूचनामा नै आयोजना गरिएको भण्डारामा महाद्विपको एघार सय भन्दा बढी अभ्यासीहरु सहभागी भए र यो उत्तर अमेरिकाको भेलाको रुपमा परिणत भयो । पचासजना स्वयं सेवकको समुह व्यबस्थापनको काममा संलग्न भएको थियो ।

भेला एउटा होटलमा आयोजना भएको थियो जुन तीन दिनको लागि आश्रम बन्न गयो । यस्को ठूलो बलरुम प्रसस्त स्थान भएको सुन्दर ध्यान हल बन्न पुग्यो । बाहिरबाट आएका करिव करिव सबै अभ्यासीहरु त्यही नै बसे र कमलेशजीले पनि त्यस्तै गर्नु भयो ।



श्री राम चन्द्र मिशन ECHOES OF NEPAL NEWSLETTER



उहाँले यो पनि उल्लेख गर्नुभयो कि परिवर्तित समयलाई ध्यानमा राखेर यो आवश्यक छ कि जिज्ञासुहरु छेउमा सरलढंगले पुगियोस र तिनीहरुलाई ध्यान गर्न र आफुस्वयंले नै परिवर्तन महसूस गर्न प्रोत्साहित गरियोस । उहाँले त्यहाँ उपस्थित भएका सबै प्रशिक्षकहरु लाई सिटिङ्ग दिनुभयो । त्यसपछि उहाँले राति आठ बजे नयाँ अभ्यासीहरुसित भेट गर्नुभयो । राती ९ बजेको सत्सङ्ग पछि दिन समाप्त भयो ।

आईतवारको दिन विहानको सत्सङ्ग पछि कमलेशजीले प्रश्न उत्तर सत्र गर्नु भयो । कुनै पनि व्यक्तिले नयाँ मालिक र उहाँका अभ्यासीहरुको बीचमा रहेको हृदय हृदय बीचको बन्धन अनुभव गर्न सक्दथ्यो । त्यस्मा प्रेम,हाँसो,धैर्य खुशीको साथसाथै गहिरो अभ्यास र आन्तरिकिकरण प्रति प्रतिबद्धता र विचारको माध्यमबाट मालिकसित निरन्तर सम्पर्क रहेको थियो । जतिजति सत्रहरु अगाडि बढ्दै गए,धेरै अभ्यासीहरुले कमलेशजीमा चारीजीको सच्चा प्रतिबिम्व देखे र तिनीहरुको हृदय यति धेरै छोईए र भावुक भए कि जव सत्रको समाप्ती भयो, सबैका आँखामा आँसु थिए । जस्तो कि एक जना अभ्यासीले भने, म यो आफ्नो हृदयमा अनुभव गर्दछु यिनीहरु साच्चिकै नै एउटै हुन् ।

सभास्थल छोडेपछि कमलेशजीले स्थानिय स्वयंसेवक सहित मुनरो आश्रम अवलोकन गर्नु भयो । उहाँले त्यहाँ सिटिङ्ग प्रदान गर्नु भयो र आफ्नो घर तर्फ प्रस्थान गर्नु अघि तिनीहरुसित दिवा भोजन गर्नु भयो ।



## सहज सन्देशबाट उद्धरण

## १२ फेव्रुअरी २०१५

हामीहरुले न्यूजर्सि यु.एस.ए.मा भएको दूईवटा सेमिनारहरुमा, पहिलो २३ देखि २५ जनवरी र दोश्रो १ देखि ३ फेव्रुअरीको समयमा, भव्य समय वितायौं । दुवै अवसरहरु अत्यन्त नै विशिष्ट थियो । मेरो फर्किने कार्यक्रम २७ जनवरीको लागि निर्धारण गरिएको थियो तर केहि कामले गर्दा म फर्किन सकिन् । त्यसपछि मैले ४ तारिख फर्किने योजना बनाए, त्यो पनि फ्लुको कारणले पुरा हुन सकेन् ।

शौभाग्यवस मेरो स्वास्थ्यमा राम्रै सुधार भएको कारणले ९ फेब्रुअरीको दिन फर्किन समर्थ भएँ र १० फेव्रुअरीको राति मणपाक्कम पुगें ।

न्यूजर्सिका दुवै सेमिनारको अवधिमा हामी हाम्रो साधनाको विभिन्न पक्षहरुको बिषयमा छलफल गर्न समर्थ भयौं जुन अव सहज सन्देशको माध्यमबाट उपलब्ध गराईएको छ । गर्न भनिएको प्रार्थनायुक्त सुझावहरुले हाम्रो संलग्नतालाई गहिरो तुल्याउनेछ, म यो कुरामा बिश्वस्त छु । यी प्रार्थनायुक्त सुझावहरु अपनाउनेहरुले सकारात्मक परिवर्तन निश्चित रुपमा देख्नेछन् ।

अहिले बावुजी मेमोरियल आश्रममा हामीहरुसित २५ जना ISAW का उम्मेदवारहरु छन् जो आ–आफ्ना क्षेत्रमा प्रशिक्षकको रुपमा कार्य गर्नको लागि प्रशिक्षणमा सहभागि भईरहेका छन् । यो कार्यक्रम १५ फेव्रुअरीमा समाप्त हुनेछ । यस बाहेक हामीहरुसित दक्षिण अमेरिकाबाट आएका एकसय जना भन्दा बढी सहभागिहरु छन् र तिनीहरुको लागि १४ फेव्रुअरी सम्म विशेष कार्यक्रम संचालन हुनेछ ।

प्रेम र आशिर्वादको लागि प्रियतम मालिकसित प्रार्थना सहित

कमलेश डि.पटेल

"...त्यसैले यस्को अन्त्यमा मैले तपाईहरुसित भन्नु पर्ने कुरा एउटै मात्र कुरामा आइपुग्दछु । मालिकसित एउटै मात्र च्यानल (धारा), एउटै मात्र सम्पर्क राख्नु होस । वस यति मात्रै हो । बाँकी अरु कुराहरु यसै च्यानल (धारा) लाई सहयोग गर्न र सुदृढ गर्नको लागि मात्रै हुन् । बाँकी अरु सबै कुराहरुले मेरो प्रयत्नलाई हलुका बनाउन वा मेरो मालिकसित मेरो सम्पर्कलाई हलुका मात्रै बनाउँदछन् । यीनिहरुलाई मैले रोक्नु पर्दछ,त्यही नै बुद्बिमानी हो र यो कुरा जान्नको लागि म कुराहरुलाई उचित रुपमा छुट्याउन सक्षम हुनु पर्दछ ।"

कमलेशजी

२ फेव्रुअरी, २०१५, मुनरो आश्रम

श्री राम चन्द्र मिशन

ECHOES OF NEPAL NEWSLETTER

# पूज्य लालाजी महाराजको १४२ औं जन्म उत्सव समारोह

पूज्य लालाजी महाराजको १४२ औं जन्म उत्सव समारोह तीन दिने कार्यक्रम विकेन्द्रित रुपमा भारत भरीका सबै आश्रमहरुमा मनाईयो । विहानको कठ्यांग्रिने चिसोको बावजुद नजिकको केन्द्रहरुका अभ्यासीहरु यो मंगलमय अवसर मनाउन ठूलो संख्यामा आ–आफ्नो नजिकैको आश्रमहरुमा भेला भएका थिए । यी दिनहरुमा आश्रमहरुमा विभिन्न कार्यक्रमहरु गरेर मनाईएका थिए । लालाजी महाराजको जीवन र उहाँको उपदेशको बारेमा वार्ताहरुको आयोजना गरिएको थियो । यस्ता वार्ताहरु सम्बादको सिद्धान्त, चरित्र निर्माण र आन्तरिक खोजी जस्ता विषयहरुमा थिए । बालवालिका तथा युवायुवतीहरुले पनि लालाजीको जीवनको विषयमा नाटकहरु गरेर, गीत तथा नृत्यहरु गरेर सक्रियता पूर्वक मनाए तथा अवसरलाई स्मरणिय र रंगीचंगी बनाएका थिए । सबै ब्यक्तिहरुको लागि मालिकको कृपाले भण्डारा आन्नद मनाउने अवसर भएको थियो । ईकोका टोलीले विभिन्न केन्द्रहरुमा उत्सव मनाएको रिपोर्ट प्राप्त गरेको छ । तिनीहरु मध्ये केही केन्द्रको तस्विर तल दिईएको छ ।


अलाहाबाद


भुवनेश्वर


जोधपुर


इरोड


गाजियाबाद


कोलकाता


जयपुर


सोनेपत


पेयानुर


खड्कपुर


हुब्ली


बडोदरा


मेरठ


लखनउ


मदुराई


दिल्ली


तिरुप्पुर

## नेपाल समाचार : लालाजी महाराजको १४२ औं जन्म उत्सव

नेपालका सेन्टरहरु काठमाण्डौं, नेपालगजं, विराटनगरमा, महेन्द्रनगर, भैरहवा लगायतका सेन्टरहरुमा पुज्य लालाजी महाराजको १४२ औं जन्म उत्सव मनाइयो । विहान ७:३० बजेको ध्यान तथा साँझ ४ बजेको ध्यान गरियो ।

काठमाण्डौंको सिनामंगल सेन्टरमा विहान र साँझको ध्यान बीच सोमबार दिनभरिको कार्यक्रम गरि जन्म उत्सव मनाइयो । दिनभरिको कार्यक्रममा ध्यान, सफाई , नौ बजेको रात्री प्रार्थना बारे छलफल गरि यो । आदरणीय मालिक कमलेशजीले दाजुभाई तथा दिदीबहिनीहरु लाई राती नौ बजेको साविकको ब्रम्हाण्डिय प्रार्थनामा थप्नुपर्ने याचना पूर्वक सुझावहरुको बारेमा दिनुभएको संभाषणको बारेमा समेत चर्चा गरियो ।

## यू–कनेक्ट सहजकर्ता प्रशिक्षण कार्यक्रम

२३ जनवरी २०१५, प्रशिक्षक ब्रदर दिवान चन्द सिक्किम र सिलुगुडीमा हुने यू–कनेक्ट सहजकर्ता प्रशिक्षण कार्यक्रममा भाग लिन सिलुगुडि तर्फ लाग्नुभयो । त्यँहाबाट सिक्किमको रगंपो स्थित मनिपाल सिक्किम युनिभर्सिटीमा यू–कनेक्ट सम्बन्धि कार्यक्रममा भाग लिन साँझ सिक्किम पुग्नुभयो । शनिवनर २४ तारिख विहान यि्ू–कनेक्ट सम्बन्धि प्रस्तुतिकरण देखाइयो । त्यहाँबाट दिउँसो सिलुगुडि तर्फ जानुभयो र साँझ सिलिगुडि पुग्नु भयो । आइतबार २५ तारिख विहानको सत्सग पश्चात यू–कनेक्ट सहजकर्ता सम्बन्धि प्रशिक्षण कार्यकम पुनाका ब्रदर हर्शलले संचालन गर्नुभयो । यू–कनेक्ट सहजकार्ताको माध्यम द्वारा युनिभर्सिटीका विद्यार्थीहरु लाई लक्षित मूल्यमा आधारित शिक्षा, विभिन्न ध्यान पद्धति जस्तै आर्ट अफ लिभिङ्ग, विपश्यना ध्यान, सहजमार्ग ध्यानकोहरुको बारेमा जानकारी शिक्षा दिने, युनिभर्सिटीको ब्यबस्थापनसगं सहकार्य गरि संचालन गरिने कार्यक्रम हो । सो प्रशिक्षण र्कायक्रम सोमबार २६ तारिख दिउँसो सम्पन्न भयो ।

## सहजदीप पत्रिका

पूज्य मालिक पार्थसारथी राजगोपालाचारीजी महाराजको श्रद्धान्जली सम्बन्धि सहजदीपको विशेषांक विभिन्न भाषा सहित बंगाली र नेपाली भाषामा हालसालै निस्किएको छ । जसमा मालिकलाई श्रद्धान्जली, ब्रदर ए. पी दुरैको "भविष्य प्रतिको दृष्टि" लेख, सर्जे निकोलाईको लेख “पिडाका मालिक”, “हाम्रो मालिक” पुस्तकबाट मालिकको बारेको लेखहरु, अस्वीन भी. को कविता “प्रकाशलाई चम्किन दिनुहोस” आदी पाठ्य सामाग्री सहितको सहजदीप विशेषांक पत्रिका प्रकाशित भएको छ ।

## नयाँ प्रकाशनहरु




**Commentary on Ten Maxims**
**Bengali**




**Commentary on Ten Maxims & Efficacy of Raja Yoga**
**Russian - Audiobook**




**Whispers from the Brighter World**
**Spanish - Audiobook**

**Whispers from the Brighter World - A Fifth Revelation**
**French**




## कन्सटेन्ट रिमेम्ब्रेन्स–अंग्रेजी

यो जनवरीको कन्सटेन्ट रिमेम्बरेन्सको विशेषांक हाम्रो मालिक चारीजी महार ाजको जीवन र कार्य प्रतिको श्रद्धान्जली अर्पण हो, सबै ग्राहकहरुले यो प्रति प्राप्त गर्नेछन् , साथै यो अंक बुकस्टलहरुमा तथा कर्पस सेक्सनहरुमा विकिको लागि उपलब्ध हुनेछन् ।

## घोषणा

पूज्य बाबूजी महाराजको जन्म उत्सव २९ अपिल देखि १ मे २०१५ सम्म लखनउ यु. पी., भारतमा मनाइने छ । हाम्रो प्रिय चारीजी महाराजको जन्म उत्सव तिरुभल्लुर, तामिलनाडु, भारतमा २३ जुलाई देखि २६ जुलाई २०१५ सम्म मनाइने छ ।

श्री राम चन्द्र मिशन

ECHOES OF NEPAL NEWSLETTER

# लय योग आश्रम, वाराणसी,उत्तर प्रदेश

## प्रकाशको केन्द्र





वाराणसिमा आईतवारको सत्सङ्ग सन १९८९ मा सुरु भएको थियो। सन १९८९ देखि २००१ सम्म सत्सङ्ग स्थल आश्रमको जमिनमा अस्थायी ध्यान हल नबनुन्जेल परिवर्तन भई नै रहयो।

### आश्रमको उदय

सन् २००१ मा मालिकको दिल्ली भ्रमणको अवधिमा उहाँले डा. प्रसन्न कुमार (CIC) लाई आश्रमको लागि सारनाथमा छुट्टै जग्गा खोज्न भन्नु भयो। जुलाई ५,२००१ मा ५४३८ स्कवायर फिट जग्गा त्यस बखतका CIC डा. प्रसन्न कुमारले श्री रामचन्द्र मिशनको नाममा रजिष्ट्रेशन गर्नु भयो। १६ डिसेम्बर २००१ मा मालिकले वाराणसी आश्रमको भ्रमण गर्नु भयो र आश्रमको जग हाल्नुका साथै अस्थायी ध्यान हलको उदघाटन गर्नु भयो। सन २००५ मा मालिकले एउटा नयाँ ध्यान हल बनाउने योजनालाई स्वीकृति प्रदान गर्नुभयो र १६ फेब्रुअरी २००६ मा जगको ढुंगा विछयाउनु भयो।

आश्रमको ढांचालाई स्वीकृती प्राप्त गर्न र पैसा उठाउन चार बर्ष भन्दा समय लाग्न गयो। २ नोभेम्बर २००९ मा ब्रदर उ. शं. वाजपेयीको उपस्थितिमा नयाँ ध्यान हलको निर्माण कार्य शुरु भयो। टुप्पामा कमल भएको अष्टकोण ध्यान हल मे २०११ मा तयार भयो। ४ डिसेम्बर २०११ मा मालिकले चेन्नाईबाट भिडियो लिंकको माध्यमबाट ध्यान हलको उदघाटन र समर्पण गर्नु भयो।

*"सहज मार्ग प्रेमको मार्ग हो। हामीले यस संस्थानलाई हाम्रो आध्यात्मिक विकासको लागि उपयोग गर्नुपर्दछ। सहज मार्गमा घृणाको लागि कुनै स्थान छैन"*

–पार्थसारथी राजगोपालचारी
४ डिसेम्बर २०११ चेन्नाई

यस मंगलमय अवसरमा करिव १००० अभ्यासीहरु उपस्थित भएका थिए।

### कृयाकलाप

अंचल स्तरीय युवा कार्यशाला, VBSE कार्यशाला, GITP सत्र इत्यादि यस आश्रममा आयोजित भए। विगत दश बर्ष देखि यस केन्द्रमा निवन्ध प्रतियोगिता भईरहेका छन्।

अहिले केन्द्रमा १३५२ जना अभ्यासीहरु छन् र त्यस मध्ये करिब ३२५ अभ्यासीहरु आईतवारको दिन नियमित रुपमा आँउदछन्।

आश्रममा उपलब्ध भएका अन्य सुविधाहरुमा खानाखाने हल, मालिकको कार्यालय र पाहुना कोठा, लाईब्रेरी, आई.टि.रुम, लेखा कार्यालय, GITP प्रशिक्षण हल, आश्रम कार्यालय, डोरमिटरी, बगैंचा, केटाकेटीको केन्द्र र हेरचाह गर्नेको कोठाहरु रहेका छन्।







To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2015 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. "Shri Ram Chandra Mission", "Sahaj Marg", "SRCM", "Constant Remembrance" and the Mission's Emblem are registered Trademarks of Shri Ram Chandra Mission.This Newsletter is intended exclusively for the members of SRCM. The views expressed in the various articles are provided by various volunteers and are not necessarily those of SRCM.